**कोरोना भाइरससम्बन्धी गण्डकी प्रदेशको अवस्था**
**कास्की । ०७७ वैशाख २१ गते**
कोरोना भाइरसको रोकथाम र न्यूनीकरणको लागि गण्डकी प्रदेशको जिल्ला स्तरमा गरिएका प्रयासको बारेमा इन्सेक जिल्ला प्रतिनिधिहरूबाट वैशाख २१ गते प्राप्त भएका सूचनाहरूको आधारमा जिल्लागत अवस्था विश्लेषण यस प्रकार रहेको छ ।

**इन्सेक कास्की जिल्ला प्रतिनिधि सुशन घिमिरे**का अनुसार वैशाख २१ गते गण्डकी प्रदेशमा कसैको पनि स्वाब परीक्षणको लागि नमूना सङकलन गरिएको छैन । प्रदेशमा कुल ६ सय ३५ जनाको स्वाब परीक्षण गरिएकको छ भने ६ सय ३३ जनाको परीक्षणको रिपोर्ट नेगेटिभ आएको छ । गण्डकी प्रदेशमा वैशाख २१ गते ४८ जनाको र हालसम्म कुल ५ हजार ८ सय ८२ जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट किटबाट कोरोना परीक्षण गरिएको छ ।
पोखरा महानगरपालिकाले चैत ११ गतेपछि सुत्केरी भएका ४५ दिन सम्मका महिलाहरूलाई पौष्टिक आहार उपलब्ध गराएको छ । लकडाउन समयमा सुत्केरी भएका १८ जना महिलालाई वैशाख २१ गते महानगरपालिकाले घिउ, हर्लिक्स, तेल, साबुन सहित नगद पाँच सय रुपियाँ उपलब्ध गराएको छ ।
वैशाख २१ गते देखि सुरू भएको कार्यक्रम अन्तरगत पोखरा महानगरपालिका वडा नम्वर ९, १० र १५ मा वडा अध्यक्ष, वडा सदस्य र महानगरका कर्मचारी पौष्टिक आहार सहित महिलाहरूलाई भेटन पुगेका थिए ।
महानगर उपप्रमुख मन्जुदेवी गुरुङका अुनसार वैशाख २० गतेसम्म महानगरपालिकाको हटलाइनमा मार्फत सङकलन गरिएका २६ जना सुत्केरीलाई घरमै पुगेर पौष्टिक आहार उपलब्ध गराइएको हो ।
उहाँका अनुसार सुत्केरी महिलाहरूलाई आवश्यक पर्ने पौष्टिक आहारको अभाव भएको गुनासो आएपछि महानगरपालिकाले १ हजार ५ सय रुपियाँ बराबरको प्याकेज सहित नगद पाँच सय रुपियाँ दिने निर्णय गरेको हो ।

**इन्सेक गोरखा जिल्ला प्रतिनिधि हरिराम उप्रेती**का अनुसार गोरखाको धार्चे गाउँपालिकामा हाल सम्म ९६ जनालाई राहत वितरण गरिएको छ । मजदुर, सडक किनारमा झुपडीमा बसेका र गाउँ छाड्रे बेसी झरेकालाई पहिलो चरणमा राहत वितरण गरिसकेको धार्चे गाउँपालिकाका अध्यक्ष सन्तोष गुरुङले बताउनुभयो ।
दोस्रो चरणमा संवेदनशिल वर्गको राहत वितरणको लागि लागत सङकलन जारी रहेको उहाँले जानकारी दिनुभयो । त्यस्तै गाउँपालिकाको प्रत्येक वडामा कोराना रोकथाम तथा नियन्त्रण रेस्पोन्स टिम गठन गरिएको गुरुङले बताउनुभयो । जिल्लामा वैशाख पूर्णिमा र रमजान पर्वको अवसरमा ठुलो सङख्यामा मानिसहरू सहभागी भई विगतका वर्षहरूमा जस्तै कार्यक्रम तथा समारोहहरू सञ्चालन नगर्न स्थानीय जिल्ला प्रशासन कार्यालय गोरखाले अनुरोध गरेको छ ।
स्थानीय प्रशासनले लकडाउनमा कडाइ गरेको साथै लकडाउनको पूर्ण रूपमा पालना भएको छ । अत्यावश्यक सामग्री ढुवानी तथा एम्बुलेन्स बाहेकका सवारी साधनहरू गुड्न दिइएको छैन ।

**इन्सेक नवलपरासी (बर्दाघाट सुस्ता पूर्व) जिल्ला प्रतिनिधि तिर्थराज डुम्रे**का अनुसार वैशाख २१ गते जिल्ला स्तरीय मानव अधिकार अवस्था अनुगम समिति नवलपरासी (बर्दघाट सुस्ता पूर्व)ले जिल्लाको तीन ओटा स्थानीय तहमा अनुगमन गरेको छ । मध्यबिन्दु नगरपालिका, बिनयीत्रिवेणी गाउँपालिका र हुप्सेकोट गाउँपालिकामा अनुगमन भएको हो ।

कोरोना भाइरस र लकडाउनका कारण मानिस र समाजमा परेको असर, स्थानीय तह तथा सरकारले गरिरहेको कार्य र मानव अधिकारको अवस्था बारे अनुगमन गरिएको मानव अधिकार अवस्था अनुगम समिति नवलपरासी (बर्दघाट सुस्ता पूर्व)का संयोजक बद्री नेपालले बताउनुभयो । यसै क्रममा तीन ओटा स्थानीय तहमा निमार्ण गरिएको क्वारेण्टाइन होमको अनुगमन गरिएको थियो । बिनयीत्रिवेणी र मध्यबिन्दुमा हाल क्वारेण्टाइनमा कोही पनि रहेका छैनन् । काठमाडौं लगायत स्थानबाट आएकाहरूलाई सेल्फ क्वारेण्टाइनमा राखिएको छ ।

हुप्सेकोट गाउँपालिकामा १९ जना वैशाख २१ गते बाट क्वारेण्टाइनमा रहेका छन् । गाउँपालिकामा स्थापना गरेको क्वारेण्टाइन होम मध्ये नेपाल शान्ति मावि हुप्सेकोट गाउँपालिका-३ मा रहेको क्वारेण्टाइनको अनुगमन टोलीले गरेको थियो । अनुगमनको क्रममा आवश्यक न्यूनतम मापदण्ड समेत पुरा नभएको दखिएको छ । सो क्वारेण्टाइन होममा हाल बसेका तीन जनाले घरबाटै बिस्तरा ल्याएको बताएका छन् । उनीहरूले दैनिक खानको व्यवस्थापन समेत आफै गरेका छन् ।

क्वारेण्टाइनमा रहेका मध्ये दुई जना एकै परिवारका हुन । दैलेखबाट आएका उनीहरू क्वारेण्टाइनमा बसेको १० दिन भएको छ भने अर्को एक जना युवक काठमाडौंबाट पाँच दिन अगाडि घर फर्केका थिए । क्वारेण्टाइन होममा पङखा र पानी बाहेक अन्य सबै कुरा आफैले व्यवस्थापन गरेको उनीहरूले बताए । उनले प्रयोग गर्ने शौचालय समेत फोहोर रहेको अनुगमनको क्रममा पाइएको छ ।

गाउँपालिका अध्यक्ष लक्ष्मी पाण्डेले गाउँपालिकाले व्यवस्थापन गरेको अन्य क्वारेण्टाइन होमहरू व्यवस्थित रहेको भन्दै सल्लाहपछि खानाको व्यवस्थापन स्वयम् उनीहरूले आफै गरेको बताउनुभयो । अनुगमन समितिका संयोजक बद्री नेपालले अनुगमनको क्रममा आवश्यक सुरक्षा सावधानी र व्यवस्थापकीय पक्षको सुधार गर्न सुझाव दिनुभयो ।

गाउँपालिका अध्यक्ष लक्ष्मी पाण्डेले गाउँपालिका बाहिरबाट घर फर्केका सबैलाई अनिवार्य क्वारेण्टाइनमा राखेको बताउनुभयो । मध्यबिन्दु नगरपालिकामा अनुगमनको क्रममा नगरपालिका प्रमुख चन्द्रबहादुर रानाले क्वारेण्टाइन होम व्यवस्थापन नगरपालिकाले गरेको बताउदै विदेशबाट आएकालाई अनिवार्य क्वारेण्टाइनमा राखिएको तथा देशका विभिन्न स्थानबाट आएकालाई अनिवार्य सेल्फ क्वारेण्टाइनमा बस्न आग्रह गरेको बताउनुभयो । नगरपालिकाले केही दिन अगाडि मात्रै काठमाडौंमा रहेका नगरपालिका भित्रका ८८ जनालाई घर ल्याएको थियो । उनीहरू सबैको स्वास्थ्य परीक्षण गर्ने तयारी रहेको उहाँले बताउनुभयो ।

बिनयीत्रिवेणी गाउँपालिकामा हाल सम्म कोही व्यक्तिलाई क्वारेण्टाइनमा राखिएको छैन । गाउँपालिकामा १५ बेडको क्वारेण्टाइन तयार गरिएको छ ।

जिल्ला स्तरीय मानवअधिकार अवस्था अनुगमन समितिमा गैसस महासङघका जिल्ला अध्यक्ष बद्री नेपाल संयोजक, नेपाल पत्रकार महासङघ नवलपुरका अध्यक्ष होमराज रानाभाट, नेपाल बार एशोसिएशन नवलपुरका उपाध्यक्ष गणेश अधिकारी र इन्सेक जिल्ला प्रतिनिधि तिर्थराज डुम्रे सदस्य रहनु भएको छ ।

**इन्सेक पर्वत जिल्ला प्रतिनिधि सन्तोष थापा**का अनुसार लकडाउन सुरू भएसँगै पर्वतको मोदी गाउँपालिकामा स्थापना भएको हेल्थ डेस्कमा स्वास्थ्य जाँच गर्नेहरू बढ्दै जान थालेका छन् । लकडाउनमा कडाइ भइरहेको बेला पनि धौलागिरी प्रवेशको नाका मानिएको पर्वतको डिमुवा नाकाबाट मानिसहरू भित्रिने क्रम नरोकिएको कारण स्वास्थ्य जाँच गर्नेहरू बढ्दै जान थालेका हुन । हेल्थ डेस्क स्थापना भएदेखि अहिले सम्म कुल ७ हजार ९ सय २ जनाको स्वास्थ्य जाचँ गरिएको छ । काठमाण्डौ, पोखरा लगायतका विभिन्न ठाउँमा बसिरहेका मानिसहरू धमाधम बसबाट आउन थालेको र पैदल

हिँड्रेर जिल्ला भित्रिने क्रम पनि नरोकिएको कारण स्वास्थ्य जाचँ गर्नेहरू बढेको डेस्कले जानकारी गराएको हो । अहिले सम्म ६ हजार २ सय ४९ पुरूष र १ हजार ६ सय ५३ महिला गरी कुल ७ हजार ९ सय २ जनाको स्वास्थ्य जाचँ गरिएको हेल्थ डेस्कका सह-संयोजक प्रकाश चन्द्र सुवेदीले जानकारी दिनुभयो । उहाँका अनुसार विभिन्न ठाउँमा मजदुरी गर्दै आएका महिला तथा पुरूषहरू बढी फर्केको पाइएको हो । सवारी साधन, अत्यावश्यक खाद्यान्न, निर्माण सामग्री ढुवानी गर्ने सवारी साधनका चालक र सहयोगीहरू पनि हेल्थ डेस्कमा स्वास्थ्य जाचँ गरी फर्कने गरेका छन् । पछिल्ला दिनहरूमा अलपत्र परेका मजदुरहरू पैदल हिँड्रेर घर फर्केका कारण पनि जिल्ला भित्रनेको सङख्या बढी भएको हो । वैशाख २१ गते पर्वतको कोरोना अस्पतालमा एक जना बिरामीलाई भर्ना गरी स्वाब परीक्षणको लागि पोखरा पठाइएको छ । पोखरा स्थित क्वारेण्टाइनबाट भागेर पर्वत पुगेका युवकलाई कुश्मा नगरपालिका-१२ ठुलिपोखरी बाट सुरक्षाकर्मीको सहयोग लिएर वैशाख २० गते साँझ अस्पताल भर्ना गरिएको कोरोना अस्पतालका प्रमुख संयोजक डा. शिशिर देवकोटाले जानकारी दिनुभयो । उहाँले युवकको स्वाब परीक्षणको रिपोर्ट आउन बाँकी रहेको बताएका छन् ।

**इन्सेक तनहुँ जिल्ला प्रतिनिधि प्रकाशचन्द्र भट्टराई**का अनुसार जिल्ला स्तरीय मानव अधिकार अवस्था अनुगम समितिको टोलीले वैशाख २१ गते शुक्लागण्डकी नपा-७ बेलचौतारा स्थित जनकल्याण माविमा रहेको क्वारेण्टाइनको अनुगमन गरेको छ । अनुगमन टोलीले क्वारेण्टाइनको अवस्था, त्यहाँ बसेका नागरिकको स्वास्थ्य अवस्था लगायतको बारेमा अनुगमन गरेको थियो । सो क्रममा क्वारेण्टाइनमा बसेका नागरिकले खाने, बस्ने सबै सुविधा राम्रो भएको बताएका छन् । शुक्लागण्डकी नपा-३ घर भएकी एक महिलाले आफू सप्तरी जिल्लाबाट आएर सिधैं क्वारेण्टाइनमा बसेको बताउनुभयो । उहाँले आफूहरूको बिहान र बेलुकी दुवै समय स्वास्थ्य परीक्षण भइरहेको बताउनुभयो । शुक्लागण्डकी नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख अजयकुमार श्रीवास्तवले विदेशबाट आउने सबै नागरिकलाई क्वारेण्टाइनमा बस्न अनुरोध गरिएको बताउनुभयो ।
अनुगमन टोलीले म्याग्दे गाउँपालिका र भिमाद नगरपालिकामा पुगेर जनप्रतिनिधि र कर्मचारीलाई भेट गरी लकडाउनको प्रभाव, राहत वितरणको अवस्था लगायतको विषयमा जानकारी लिएको छ । भिमाद नगरपालिकाका मेयर मेखबहादुर थापाले गाउँपालिका भित्रका बाहेक अन्य क्षेत्रका तरकारी आयतमा प्रतिबन्ध लगाइएको बताउनुभयो । उहाँले अब दोश्रो चरणको राहत वितरणको बारेमा छलफल भएको जानकारी दिनुभयो । भिमादमा वैशाख २१ गते सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूसँग बैठक गरी नतिजा प्रकाशन र भर्ना अभियानको बारेमा छलफल भएको प्रमुख प्रशासकीय अधिकृत थमनसिंह थापाले बताउनुभयो ।

**इन्सेक म्याग्दी जिल्ला प्रतिनिधि अमृत प्रसाद पौडेल**का अनुसार म्याग्दीमा अहिले सम्म ४ हजार ६ सय ४८ परिवारले राहत पाएका छन् । जिल्ला भर १ सय ९८ जना हाल क्वारेण्टाइनमा रहेका छन् । विभिन्न स्थानबाट जिल्ला भित्रिएका बेनी नगरपालिकामा २३ जना, मङगला गाउँपालिकामा १६ जना, मालिका गाउँपालिकामा २४ जना, धवलागिरि गाउँपालिकामा ११ जना, रघुगङगा गाउँपालिकामा १३ जना र अन्नपूर्ण गाउँपालिकामा ७ जना गरी १ सय ९८ जना क्वारेण्टाइनमा रहेका छन् ।

**इन्सेक लमजुङ जिल्ला प्रतिनिधि दलबहादुर मजाकोटी**का अनुसार बेसीशहर नगरपालिकाले दिर्घरोगीहरूलाई घरघरमा पुगेर औषधि वितरण गरेको नगरप्रमुख गुमानसिंह अर्यालले बताउनुभयो । उहाँले मुटु, मधुमेह, प्रेसर र दमका बिरामीहरूलाई निःशल्क औषधि उपलब्ध गराइएको बताउनुभयो ।

नगरपालिकाले २ हजार ५ सय बिरामीहरूको लागि ४ लाख मूल्य बराबरको औषधि काठमाडौंबाट झिकाएको नगरपालिकाका स्वास्थ्य इकाइ प्रमुख मनोज बोहराले जानकारी दिनुभयो । अति विपन्न ७० जनालाई २ महिनको लागि औषधिको व्यवस्था गरिएको र बाँकी २ हजार ५ सय जनालाई केही दिनको लागि मात्र औषधि उपलब्ध गराइने इकाइ प्रमुख बोहराको भनाइ छ । स्वास्थ्य संस्थामा निःशुल्क उपलब्ध हुने ३५ थरीका औषधि बाहेक १५ थरीका औषधिहरू नगरपालिकाले निःशुल्क उपलब्ध गराउने इकाइ प्रमुख बोहराको भनाइ छ ।

**इन्सेक गण्डकी प्रदेश कार्यालय, पोखरा**